# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## छथर गाउँपालिका

## तेह्रथुम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## छथर गाउँपालिका
### तेह्रथुम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## छथर गाउँपालिका

## तेह्रथुम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(कोशी प्रदेश)**

पत्र संख्याः २०७९।८०
च.नं. १४२ मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
छथर गाउँपालिका, गाँउकार्यपालिकाको कार्यालय,
तेह्रथुम ।

१. **कैफियत सहितको राय -** हामीले छथर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ४ करोड ८४ लाख ५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिक्रियाबाट फर्छ्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड ८२ लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५० हजार, नियमित गर्नुपर्ने रु ७३ लाख ५७ हजार र पेश्की रू. ६ लाख २५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ७ करोड ९० लाख २६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १० करोड ५५ लाख १६ हजार रहेको छ । गाँउपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।

२.३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## छथर गाउँपालिका, तेह्रथुम

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | १०४ | ४८४०५ | ० | ३ | २११५ | ५५ | १०१ | ४६२९० | १८२५८ | ७३५७ | २००५० | ० | ० | २७४०७ | ६२५ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| १ | ५० | प्रारम्भिक प्रतिवदेन सहित जडानको प्रमाण पेश भई आएको | १२९८००० |
| २ | ५८.२ | म्याद थप सहितको कागजात पेश भइ आएको | ८१६८२१ |
| | | जम्मा | २११४८२१ |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| छथर गाउँपालिका तेह्रथुम | ७९०२६ | ० | | ७९०२६ | ० | ४६२९० | १२५३१६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: छथर गाउँपालिका, तेह्रथुम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गुणराज बाँनिया | २०७८-११-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | लोचन प्रसाद दाहाल | २०७७-१०-१९ | २०७८-११-२ |
| लेखा प्रमुख | ईन्द्र कमल श्रेष्ठ | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४६,२९०,३१२.५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,७९,३५,७०३.२५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,३५,४८,५६० | **चालु खर्च** | ३३,३७,८०,६७४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९६,७०,००० | **पूँजीगत खर्च** | १३,४०,९८,२६१ |
| **राजश्व बाँडफाँट** | ६,२१,२७,००२ | **वित्तीय/अन्य व्यवस्था** | ३,९५,८३,२६५.०२ |
| **आन्तरिक आय** | ८६,४३,४६९ | | |
| **अन्य आय** | ० | | |
| **कुल आय** | ४९,३९,८९,०३१ | **कुल खर्च** | ५०,७४,६२,२००.०२ |
| **बाँकी मौज्दात** | | १,४४,६२,५३४.२३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस छथर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।पालिकामा वडा संख्या ६, जनसंख्या १६,७१५ जना, क्षेत्रफल १३३.९३ बर्ग कि मी, सभा सदस्य संख्या ३४ जना रहेका छन । | |
| २ | | | **लेखापरीक्षण सीमा**<br><br>उल्लेखित आर्थिक कारोबारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग छलफलसम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार रहेका छन्ः | |
| ३ | | | **आर्थिक विवरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम छथर गाउँपालिकाको आ ब २०७८/०७९ को म.ले.प. २७२ बमोजिमको प्राप्ति तथा भुक्तानी हिसाब निम्नानुसार रहेको छः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४६,७२,६८,९१७.४१ | ३७,५२,१०,६८५.७६ | | ३८,६५,३०,०३१.०९ | ४०,१७,८६,८३२.१५ | | ४०,१७,८६,८३२.१५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४६,११,१४,९१८.०८ | ३७,१९,०३,६६३.७६ | ० | ३७,१९,०३,६६३.७६ | ३४,६०,१८,९७३.४२ | ० | ३४,६०,१८,९७३.४२ |
| ११००० कर | ११ | ६,६०,३६,८६०.०० | ६,२१,२७,००२.२० | ० | ६,२१,२७,००२.२० | ५,४४,२९,६८५.७४ | ० | ५,४४,२९,६८५.७४ |
| १३००० अनुदान | | ३३,३८,१३,०००.०० | ३०,११,३३,१९१.९७ | ० | ३०,११,३३,१९१.९७ | २८,७२,६१,०३९.४० | ० | २८,७२,६१,०३९.४० |
| संघीय सरकार | १२ | ३१,३१,४३,०००.०० | २८,३६,२४,९६५.९७ | ० | २८,३६,२४,९६५.९७ | २७,२९,४३,५९९.४० | ० | २७,२९,४३,५९९.४० |
| प्रदेश सरकार | १२ | २,०६,७०,०००.०० | १,७५,०८,२२६.०० | ० | १,७५,०८,२२६.०० | १,४३,१७,४४०.०० | ० | १,४३,१७,४४०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १४००० अन्य राजस्व | | ६,१२,६५,०५८.०८ | ८६,४३,४६९.५९ | ० | ८६,४३,४६९.५९ | ४३,२८,२४८.२८ | ० | ४३,२८,२४८.२८ | |
| | | | ख. अन्य प्राप्ति | | ६१,५३,९९९.३३ | ३३,०७,०२२.०० | | १,४६,२६,३६७.३३ | ५,५७,६७,८५८.७३ | | ५,५७,६७,८५८.७३ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ६१,५३,९९९.३३ | ६,७४,०००.०० | ० | १,१९,९३,३४५.३३ | ५,४०,३३,०२८.७३ | ० | ५,४०,३३,०२८.७३ | |
| | | | धरौटी | | ० | २६,३३,०२२.०० | ० | २६,३३,०२२.०० | १७,३४,८३०.०० | ० | १७,३४,८३०.०० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ४८,२३,६५,५८१.३३ | ३८,८६,८३,८५४.७८ | | ३८,८६,८३,८५४.७८ | ३९,४३,४७,९१३.३६ | | ३९,४३,४७,९१३.३६ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४७,६२,११,५८२.०० | ३८,३२,००,२१४.७८ | | ३८,३२,००,२१४.७८ | ३४,६७,८७,२२२.९६ | | ३४,६७,८७,२२२.९६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | १९,११,७६,०००.०० | १६,९८,०४,९४६.४० | ० | १६,९८,०४,९४६.४० | १४,७८,३८,५०२.५६ | ० | १४,७८,३८,५०२.५६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,१५,४७,०००.०० | ९,५६,२३,३५८.३८ | ० | ९,५६,२३,३५८.३८ | ९,७८,७५,०१२.०० | ० | ९,७८,७५,०१२.०० |
| २५००० सहायता (Subsidy) | १८ | २४,७०,०००.०० | १९,२७,९९४.०० | ० | १९,२७,९९४.०० | २०,००,०००.०० | ० | २०,००,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९६,२९,०००.०० | ७२,९१,०६३.०० | ० | ७२,९१,०६३.०० | ५१,६८,७५५.४० | ० | ५१,६८,७५५.४० |
| २८००० अन्य खर्च | १८ | २७,५०,०००.०० | १४,११,२९२.०० | ० | १४,११,२९२.०० | १०,१७,५०३.०० | ० | १०,१७,५०३.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १४,८६,३९,५८२.०० | १०,७१,४१,५६१.०० | ० | १०,७१,४१,५६१.०० | ९,२८,८७,४५०.०० | ० | ९,२८,८७,४५०.०० |
| घ. अन्य भूक्तानी | | ६१,५३,९९९.३३ | ५४,८३,६४०.०० | | ५४,८३,६४०.०० | ३९,४३,४७,९१३.३६ | | ३९,४३,४७,९१३.३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | ६१,५३,९९९.३३ | ५१,४८,०००.०० | ० | ५१,४८,०००.०० | ४,६८,९१,६९०.४० | ० | ४,६८,९१,६९०.४० |
| धरौटी | | ० | ३,३५,६४०.०० | ० | ३,३५,६४०.०० | ६,६९,०००.०० | ० | ६,६९,०००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,५०,९६,६६३.९२) | (१,३४,७३,१६९.०२) | | (२१,५३,८२३.६९) | ७४,३८,९१८.७९ | | ७४,३८,९१८.७९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,७९,३५,७०३.२५ | | २,७९,३५,७०३.२५ | १,६४,३२,३५४.४६ | | १,६४,३२,३५४.४६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१,५०,९६,६६३.९२) | १,४४,६२,५३४.२३ | | २,५७,८१,८७९.५६ | २,३८,७१,२७३.२५ | | २,३८,७१,२७३.२५ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १,४४,६२,५३४.२३ | | १,४४,६२,५३४.२३ | २,३७,५७,६९६.२५ | | २,३७,५७,६९६.२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाहिरको कारोबार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub-national Treasury Regulatory Application (SuTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सो अनुसार सबै कारोबार सुत्रमा समावेश नभएको, त्यस्तै अनुसूचि १ देखी २४ सम्म आषाढ मसान्तको बैक अनुसार बाँकी समेत राखी अनुसूची पूर्ण रुपमा तयार नगरेको आदी कारणबाट वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले निम्नानुसारको कारोबार समेटेको देखिएन । तसर्थ यसमा भएका सबै कमजोरी सुधार गरी सबै आर्थिक कारोबारको यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ । | |

| उपशीर्षकको विवरण | बजेट | यस वर्षको खर्च |
|---|---|---|
| सामाजिक सुरक्षा कार्यक्रम | ६३०८८५६० | ५७२५८०६८ |
| एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | २७८५३००० | २६९५६७०० |
| गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६४००० | ४६३९५२ |
| **जम्मा** | **९१४०५५६०** | **८४६७८७२०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>बैक हिसाब समायोजन विवरण<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम म.ले.प फारम नं. २१२ को ढाँचामा मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नु पर्दछ । पालिकाले रितपूर्वकको बैक हिसाब मिलान विवरण तयार गरी पेश गरेको छैन । बैक हिसाब मिलान बिवरण तयार गरी पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>जिम्मेवारीः<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । यस पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा बाँकी रहेको रु. २,३७,५७,६९६।२५ जिम्मेवारी सार्नु पर्नेमा रु. २,७९,३५,७०३।२५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ४१,७८,००७।- बढी जिम्मेवारी सरेको सम्बन्धमा एकिन गरी पेश गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>६.१</td><td>छथर गा पा</td><td>४१,७८,००७</td></tr>
</table></td><td>४,१७८,००७</td></tr>
<tr><td>७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्:<br>**वजेट व्यवस्थापनतर्फ**<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको<br>• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचनातयार नगरेको । • दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको<br>• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,<br>**भ्रमण खर्च व्यवस्थापनतर्फ**<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन नगरेको,<br>• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको<br>**शिक्षातर्फ**<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको<br>शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गर्ने व्यवस्था कार्यान्वयन नभएको ।<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राखुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **विविध तर्फ**<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखे नराखेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको देखियो ।<br>कार्यालयले आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाई लागु गर्नुपर्दछ । | |
| ७.२ | | | **बेरुजु लगतः** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार मूल्याङ्कन गर्ने म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको म. ले. प. फाराम ८०१ — बेरुजु लगत म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ — बेरुजुको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख अवस्था अनुसार उक्त म. ले. प. फाराम अद्यावधिक नरहेकोले उक्त फारामहरु अध्यावधिक गर्नुपर्दछ । | |
| ७.३ | | | **सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार मूल्याङ्कन गर्नेः कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएकोले सूचना प्रविधि सम्बन्धमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम** | |
| ८.१ | | | **अबण्डा बजेटः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने ब्यवस्था छ । पालिकाले आ ब २०७८।७९ मा पुजिगत शिर्षक अन्तरगत रु ७०,००,००० अबण्डा बजेट राखेको देखिन्छ । यस्तो बजेट अबण्डा राखी बजेट खर्च गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ । | |
| ८.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ बमोजिम कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने ब्यवस्था छ । तर पालिकाले यस बर्ष कार्यपालिकाबाट विभिन्न मितिमा निर्णय गरी ५७ वटा योजना तथा शिर्षक बाट ८५ वटा योजना तथा शिर्षकमा रकमान्तर गरी आर्थिक बर्षको अन्तमा रु ४,२७,१३,०६६ रकमान्तर गरी खर्च गरेको देखिन्छ । पालिकाले योजना तर्जुमा गर्दा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्रोतको सुनिश्चितता गरेर कार्यन्वयन योग्य योजना तर्जुमा गरी आर्थिक बर्षको अन्तमा योजना संसोधन तथा रकमान्तर गरी बजेट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| ८.३ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्ने तर्फ पालिकाले बिशेष ध्यान दिनु पर्दछ । | |
| ८.४ | | | स्थानीय सरकार सचालन ऐन २०७४ को दफा ७६ मा चाौमासिक अवधी सम्पन भएको १५ दिन भित्र स्थानीय स्तर, प्रदेश स्तर, जिल्लास्तर तथा केन्द्रीयस्तरका योजनाको चौमासिक प्रगती बिवरण अनुसुचि २ बमोजिमको ढाँचामा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले नियममा भएको ब्यवस्था अनुसार लक्ष्य प्रगति विवरण तयार नगरेकाले अनुसुचि २ बमोजिमको ढाचामा चौमासिक प्रगति विवरण तयार गर्नु पर्ने देखिन्छ । | |
| ८.५ | | २०७९-५-१७ | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष ले मिति २०७८।३।१० मा नीति तथा कार्यक्रम बजेट रु ४४ करोड ६४ लाख १३ हजार ५८२ सभामा पेश गरी मिति २०७८।३।२५ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७८।३।२९ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ९ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| ९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा नगरेको | |
| ९.२ | | | - सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख तयार नगरेको<br>- सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार नगरेको<br>-संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना नभएको<br>- संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भएको अनुगमन नगरेको | |
| ९.३ | | | - जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरे नगरेको, | |
| ९.४ | | | - सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गरेको, गरेको - वडागतमा खरिद गरेको जिन्सी समानको अभिलेख पालिकाको एकिकृत जिन्सी खतामा अभिलेख नराखेको | |
| १० | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सामानिकरण वाहेकका अनुदान बर्ष भरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७९ असार मसान्तमा देहाय बोमोजिम खर्च नभई बाँकी रहेको अनुदान फिर्ता गरेको पाइयो । | |

| सशर्त अनुदानतर्फ रकम फ्रिजको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकी (फ्रिज हुनुपर्ने) | कैफियत |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका हेर्नुहोस्) | |
| ११ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ११.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा निवेदन दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार शसर्त अनुदान | २२३८४३००० | १९५३२४९६५ | २५५१८०३४ | |
| २ | संघीय सरकार विशेष अनुदान | ० | ० | ० | |
| ३ | संघीय सरकार समपुरक अनुदान | ० | ० | ० | |
| जम्मा | | २२३८४३००० | १९५३२४९६५ | २५५१८०३४ | |
| | | | | | |
| प्रदेश सरकार सशर्त अनुदान | | | | | |
| क.सं. | अनुदानको किसिम | जम्माअनुदान | खर्च | बाँकी (फ्रिज हुनुपर्ने) | कैफियत |
| १ | प्रदेश सरकार शसर्त अनुदान | ४७२७००० | ३४२४०५७ | १३०२९४३ | |
| २ | प्रदेश सरकार समपुरक अनुदान | १०००००००० | ९१४११६९ | ८५८८३१ | |
| जम्मा | | १४७२७००० | १२५६५२२६ | २१६१७७४ | - |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बाँकी ३ यो बर्ष दर्ता भएको ३ गरी जम्मा ६ मध्ये ४ वटा फछ्यौट भई २ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले लेखापरीक्षण अवधिसम्म १५ वटा ऐन, ६ नियमावली, २ निर्देशिका गरी जम्मा २३ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कानुन प्रभावकारी रुपले कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १२ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १२.१ | | | **कर्मचारी पदपुर्तिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । तर पालिकाले हालसम्म नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी स्वीकृत गरेको छैन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित पालिका र वडा कार्यालय शिक्षा, स्वास्थ्य,कृषि गरी जम्मा ७४ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित संघबाट समायोजन भई आएका १५ जना, साविक स्थानीय निकायमा कार्यरत २ जना र लोकसेवाबाट सिफारिश भई आएका १० जना गरी २७ जना पदपूर्ति भएको देखिन्छ हालसम्म बिभिन्न पदमा गरी ४७ जना रिक्त देखिन्छ । त्यसैले पालिकाले नयाँ संगठन तथा व्यवस्थापन संरचना स्विकृतको माध्यमबाट दरबन्दी मिलान गरी समयमै पदपूर्ती गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी वनाउने तर्फ विशेष ध्यान दिनुपर्दछ । | |
| १२.२ | | | **तलबी प्रतिबेदनः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) अनुसार उपत्यका भित्रका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरुको तलवी प्रतिवेदन निजामती कितावखानावाट पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को पत्रवाट स्थानीय तहका कर्मचारी र संघवाट स्थानिय तहमा खटिएका कर्मचारीहरुको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन गर्न परिपत्र गरेको भएता पनि यस पालिकामा कार्यरत प्रशासनिक सेवा तर्फका ४४ जना स्थाई कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी तलब र ग्रेड बापत रु २,१७,६६,९००।- तलव खर्च लेखेको छ। तलवी प्रतिवेदन पारित नभएको हुंदा कर्मचारीहरुलाई के कति दर र सख्यामा ग्रेड बापत खर्च लेखेको हो एकिन गर्न सकिएन ।त्यसैले नियमानुसार तलबी प्रतिबेदन पारित गराएर मात्र तलब र ग्रेड बापत खर्च लेख्नु पर्दछ । | |
| १२.३ | | | **करार कर्मचारी**<br>क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १०७ जना कर्मचारीहरु करारमा राखी रु २,६५,४४,९९०।- खर्च लेखेको छ । संगठन तथा व्यवस्थापन सर्भेक्षण बमोजिम पदपूर्ति हुनुपर्दछ।<br>ख) त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर,सब इन्जिनियर, सामाजिक परिचालक र आइटी पदमा गरी जम्मा ८९ जना करार नियुक्ति गरी बर्ष भरीमा रु २,२८,८०,९९०।- भुक्तानी गरेको छ । तोकिएको पदमा मात्र आवश्यकता अनुसार कर्मचारी नियुक्ति गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १३.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्बन्धमा उल्लेख भएको छैन । आर्थिक सहायता वितरण सम्बन्धमा मापदण्ड,सीमा र कार्यविधि कार्यपालिकाले गाँउ सभाबाट पारित गरी लागू गरेको देखिएन । गाँउपालिकाले आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदन,वडाको सिफारिस र प्रमुखको तोक आदेश तथा कार्यपालिकाको निर्णयद्वारा सहायता रकम गाँउपालिका चालु कार्यक्रमबाट रु १५,४८,०००।— र अन्य पुंजीगत शिर्षकबाट रु ३,९०,०००।—तथ प्रकोप व्यवस्थापन मा रु ३,०५,९९० गरी जम्मा रु २२,४३,९९०।—वितरण गरेको पाईयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड ,सीमा र कार्यविधि तयार गरी नियन्त्रित र ब्यवस्थित तरिकाले आवश्यकता अनुसार मितव्ययी रुपमा तोकिएको सीमाभित्र वितरण गर्ने र सोको विवरण सार्वजनिक गर्ने तर्फ गाँउपालिकाको ध्यान जानुपर्छ । | |
| १३.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्ने ब्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च तर्फ २६७६९५१- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीतता कायम गर्नुपर्दछ । | |
| १४ | | | **शिक्षा तर्फः** | |
| १४.१ | | | तलबः<br>सरस्वती मा. वि. आङ्गदिमको प्राथमिक शिक्षक (राहत) श्री मुनादेवी सुनुवारले दिएको राजिनामा मिति २०७८/०७/०३ बाट लागु हुने गरी स्विकृत भएकोमा निजको नाममा प्रथम चौमासिक निकासा वापत रु १,५१,०५०।-विद्यालयको खातामा निकासा भएकोमा राजिनामा स्विकृत भएको मिति पश्चात सम्बन्धित शिक्षकको नाममा रहेको रु २७,५४९।–र सो मा थप हुने संचयकोष र बिमा थप समेत दामासाहीले हिसाब गरी हुने रु.३०,७०३।९० असुल गरी विद्यालयले संघीय राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ । | ३०,७०४ |
| १४.२ | | | ईन्टरनेट जडानः | १०८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम कार्यान्वयन पुस्तिका ०७८/७९ बुँदा नम्बर ५.५ मा विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान अन्तरगत सूचना तथा संचार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट भुक्तानी गर्ने प्रयोजनको लागि प्रति विद्यालय बार्षिक रु. १२,०००।- का दरले अनुदान उपलब्ध गराउने , विद्यालयमा ईन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । पालिकाले यस सम्वन्धमा अनुगमन नगरी निम्न विद्यालयहरुलाई भुक्तानी गरेको रु १,०८,००० को इन्टरनेट जडान /नविकरण को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ । | |

| क.स. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्रृजना आ.वि. पंचकन्या | १२००० |
| २ | पब्लिक आ.वि. पंचकन्या | १२००० |
| ३ | शिव आ.वि. पंचकन्या | १२००० |
| ४ | सरस्वती आ.वि. पंचकन्या | १२००० |
| ५ | नवज्योती आ.वि. फाक्चामारा | १२००० |
| ६ | जलकन्या आ.वि. फाक्चामारा | १२००० |
| ७ | सिंहदेवी आ.वि. ओखे | १२००० |
| ८ | निशान आ.वि. ओखे | १२००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>९</td><td>सरस्वती आ.वि. सुदाप</td><td>१२०००</td></tr><tr><td colspan="2">जम्मा</td><td>१०८,०००</td></tr></table></td><td></td></tr>
<tr><td>१४.३</td><td>१६५</td><td>२०७९-३-२१</td><td>कार्यसम्पादनमा आधारित अनुदानः<br>विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तगत कार्यक्रम कार्यान्वयन पुस्तिका ०७८/७९ को कृयाकलाप नं. २.७.१३.१३ मा तोकिएका सूचकाङ्कको आधारमा विद्यालयहरुलाई कार्य सम्पादनमा आधारित अनुदान प्रति विद्यालय बार्षिक रु ५०,००० दिन सकिने व्यवस्था छ । विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ मा उल्लेखित कार्य सम्पादन मूल्याँकन सूचकको आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउनुपर्नेमा सो अनुसार प्रस्ताव पेश गर्ने सूचना प्रकाशन नगरी शिक्षा समितिको मिति २०७८/१०/०२ को निर्णयले विद्यालयहरुविच प्रतिस्पर्धा नगराई पाँच विद्यालयलाई रु २,५०,०००।- अनुदान दिइएकोमा उक्त रकम मनासिव देखिएन । यस प्रकारका कार्यसम्पादनमा आधारित अनुदानहरु दिदा कुनै पनि विद्यालयलाई दोहोरो नपर्ने गरी दिनुपर्ने व्यवस्था भएकोमा पालिकामा यस प्रकारको अनुदान सम्बन्धी अभिलेख नराखेकोले दोहोरो परे नपरेको समेत एकीन गर्न सकिएन । अभिलेख प्रणाली व्यवस्थित गराउपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>गैर आवसिय दलित तथा छात्रा छात्रवृत्ती कार्यक्रमः<br>कार्यक्रम कार्यान्वन पुस्तिका आ.व.२०७८/०७९ मा गैर आवसिय दलित तथा छात्रा छात्रवृत्ती कार्यक्रममा प्रति विद्यार्थी बार्षिक रु ४०० का दरले दिने व्यवस्था छ । श्री सरस्वती मा.वि.शुक्रबारे को विद्यालयमा शैक्षिक सत्र २०७९ मा भर्ना भएका दलित तथा छात्राको संख्या EMIS तथ्याङ्कमा १२७ देखिएकोमा विद्यालयको खातामा १४५ जनाको लागी रु ५८,००० निकासा भएकोमा EMIS अभिलेखमा उल्लेखित संख्या भन्दा १८ जना बढीको निकासा भएको रकम रु ७,२०० असुल गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।</td><td>७,२००</td></tr>
<tr><td>१५</td><td></td><td></td><td></td><td>१५५,४९४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जनप्रतिनिधीलाई सुविधाः<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसूची-१ मा सवारी साधन उपलब्ध नभएमा मात्र यातायात खर्च पाउने व्यवस्था छ । पालिकाको निम्न वडा अध्यक्षहरुले मोटरसाईकल बुझेको अवस्थामा यातायात सुविधा बापत भुक्तानी भएको देखिएकोले उक्त रकममा सामाजिक सुरक्षा कर कट्टा गरी बाँकी हुने रु. १,५५,४९४।-सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>क स</th><th>वडा न</th><th>वडाध्यक्षको नाम</th><th>सवारी बुझेको मिति</th><th>सवारी फिर्ता गरेको मिति</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२</td><td>कुल बहादुर कार्की</td><td>गत आ व देखि</td><td>०७९/०१/१६</td><td>३७,६२०</td></tr>
<tr><td>२</td><td>४</td><td>उपेन्द्र बहादुर लिम्बु</td><td>गत आ व देखि</td><td>०७९/०१/१६</td><td>३७,६२०</td></tr>
<tr><td>३</td><td>४</td><td>पुष्प बहादुर कार्की</td><td>०७९/०२/१८</td><td>असार मसान्त</td><td>५,६७५</td></tr>
<tr><td>४</td><td>५</td><td>पुन्यप्रसाद ढकाल</td><td>गत आ व देखि</td><td>०७९/०१/१६</td><td>३६,९५९</td></tr>
<tr><td>५</td><td>६</td><td>टेकराज लिम्बु</td><td>गत आ व देखि</td><td>०७९/०१/११</td><td>३७,६२०</td></tr>
<tr><td></td><td colspan="4">जम्मा</td><td>१५५,४९४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>सेवा प्रवाहः<br>गाँउपालिकाले आ ब ०७८/७९ मा सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको समग्र विवरण प्राप्त गर्न सकिएन । लेखा परीक्षणको क्रममा कार्यलयबाट प्राप्त विवरण अनुसार यस बर्ष पालिकाबाट निम्न अनुसार सेवा प्रवाह भएको देखिन्छः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>सेवाप्राप्तिकालागिनिवेदन संख्या</td><td>सिफारिस संख्या</td><td>कैफियत</td></tr>
<tr><td>1</td><td>नागरिकतासिफारिस</td><td>५०</td><td>५५</td><td></td></tr>
<tr><td>2</td><td>घरबाटो सिफारिस</td><td>१२४</td><td>१२५</td><td></td></tr>
<tr><td>3</td><td>नाता प्रमाणित</td><td>२००</td><td>२०१</td><td></td></tr>
<tr><td>4</td><td>जन्म, मृत्यु दर्ता</td><td>४००</td><td>४०४</td><td></td></tr>
<tr><td></td><td>अन्य</td><td>१०१०</td><td>१०१३</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>ठेक्का तथा अभिलेख - ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । यस पालिकाले उक्त म. ले. प. फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म .ले. प. फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । नियमको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कोभिड सम्बन्धी खर्च</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८।७९ प्राप्त रकम र खर्च सम्बन्धी बिबरण निम्नानुसार रहेको देखिन्छः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>आम्दानी श्रोत</td><td>रकम</td><td>खर्च शीर्षक</td><td>रकम</td></tr>
<tr><td>स्थानीय तहको बजेट</td><td>५०००००</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>संघीय कोभिड कोष</td><td>०</td><td>औषधि तथा स्वास्थ्य उपकरण खरिद</td><td></td></tr>
<tr><td>प्रदेश कोभिड कोष</td><td>०</td><td>प्रशासनिक खर्च/कोरोना जोखिम भत्ता</td><td>३६५०००</td></tr>
<tr><td>अन्य श्रोत</td><td>०</td><td>अन्य</td><td>५००००</td></tr>
<tr><td></td><td></td><td>बाँकी मौज्दात</td><td>८५०००</td></tr>
<tr><td>जम्मा</td><td>५०००००</td><td>जम्मा</td><td>५०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>कोभिड तथा नन कोभिड अस्पताल सञ्चालनको स्थिति परीक्षण सम्बन्धमा देहाय बमोजि रहेको देखिन्छः
<ul>
<li>पालिका अन्तर्गत कोभिड अस्पतालमा ६ वेडको कोभिड संचालन गरेको देखिन्छ ।</li>
<li>अस्पतालमा स्टाफ अनमी ५ जना र हेल्थ असिष्टेन्ट ४ जना मे अ १ गरी जम्मा १० जना स्वास्थ्यकर्मी कार्यरत रहेको देखिन्छ ।</li>
<li>अस्पतालमा अक्सिजन सिलिण्डर ६ वटा, कन्सेन्ट्रेटर ६ वटा प्रयोगमा ल्याइएको देखिन्छ ।</li>
<li>कोभिड उपचारमा संलग्नलाई जनशक्तिलाई स्वास्थ्य वीमा गरेको छैन ।</li>
<li>कोरोना रोकथाम तथा नियन्त्रणमा संलग्न १७ जना स्वास्थ्यकर्मीलाई हाजिरी भएको दिनको आधारमा तलब स्केलको ५० प्रतिशत कोरोना जोखिम भत्ता रु ३,६५,०००।- भुक्तानी लिएको देखिन्छ ।</li>
</ul>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.३</td><td></td><td></td><td>पालिका अन्तर्गत पिसिआर परीक्षणको लागि कुनै पनि सरकारी प्रयोगशाला संचालनमा रहेको देखिदैन तर पालिकाले ६०० व्यक्तिहरुको स्वाब संकलन गरी एण्टीजेन्ट परीक्षण गरी सबैको निशुल्क परीक्षण गरी रिपोर्ट प्राप्त भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७(५) बमोजिम आर्थिक वर्षको अन्त्यमा फस्यौंट हुन बाँकी पेश्की तोकिएको कार्य पूरा गराई असुल फस्यौंट र नियमित हुनुपर्नेमा सो भएको नदेखिएकोले निम्नानुसारको पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने देखिन्छ।<br><br>
<table>
<tr><th colspan="6">आ.व. २०७८।०७९ को पेश्की बाँकीको विवरण</th></tr>
<tr><th>क्र. सं.</th><th>मिति</th><th>पेश्की लिनेको नाम</th><th>प्रयोजन</th><th>म्याद ननाघेको पेश्की रकम</th><th>म्याद नाघेको पेश्की रकम</th></tr>
<tr><td>१</td><td>१२/०८/२०७८</td><td>राजन नेपाली</td><td>समपुरक कोष</td><td></td><td>२७५०००</td></tr>
<tr><td>२</td><td>१२/०८/२०७८</td><td>राजन नेपाली</td><td>अध्यक्ष ज्युको सचिवालय सञ्चालन</td><td></td><td>३५००००</td></tr>
<tr><td>३</td><td>१२/०६/२०७८</td><td>वाई.पि.आर. / काश्यप जे.भी</td><td>चाङलुङ गुफा व्यवस्थापन योजना</td><td>२४०००००</td><td></td></tr>
</table>
</td><td>६२५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>१२/१२/<br>२०७८</td><td>वाई.पि.आर. /<br>काश्यप जे.भी</td><td>चाङलुङ गुफा व्यवस्थापन योजना</td><td>१००००००</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३४,००,००<br>०</td><td>६,२५,००<br>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
बढी भुक्तानीः<br><br>
यस पालिकाले कार्यान्वयन गरेका निम्नानुसारका योजनाको नमूना छनौट गरी २०७९।५।१७ मा स्थलगत अवलोकन गर्दा मूल्याङ्कन गरी भुक्तानी गरेको निम्नानुसारको आईटमको बढी नापजाँच गरी भुक्तानी गरेको देखियो । शुक्रबारे हाटबजार निर्माण तर्फ सिमेन्ट प्लाष्टर गरेको परिमाण तर्फ यथार्थ लम्बाई भन्दा बढी नापी गरेको र शुक्रबारे आहाल डाँडा सडक स्तरोन्नती योजना तर्फ Random Rubble Masonry (RRM) तर्फ यथार्थ भन्दा बढी लम्बाई नापी गरेको देखियो । यसबाट योजनाको नापजाँचमा प्राविधिक त्रुटी देखिएकोले यस तर्फ कार्यालयले आवश्यक चेकजाँच र अनुगमन गर्नुपर्ने र सम्बन्धित प्राविधिक कर्मचारीलाई जवाफदेही समेत बनाउनुपर्ने देखिन्छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिन्छ ।<br><br>
<table>
<tr><td>क्र सं</td><td>गो भौ नं मिति</td><td>योजनाको नाम</td><td></td><td>दर</td><td>जम्मा मूल्याङ्कन</td><td>हुनुपर्ने कामको विवरण</td><td></td><td></td><td></td></tr>
</table>
</td><td>४,४१७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | जम्मा परिणाम | | | लम्बाइ | चौडाइ | उचाई | हुनुपर्ने परिणाम | हुनुपर्ने जम्मा मूल्याङ्कन | फरक मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १० | शुक्रबारे हाट बजार निर्माण | | | | | | | | | |
| | २०७९।०३।२५ | Long Wall 2(2*4.1*2.77) | 22.71 | 50 | 1135.5 | 4.1 | | 2.77 | 22.71 | 1135.7 | 0.2 |
| | | Short Wall 12(12*3*2.47) | 109.69 | 50 | 5484.5 | 3 | | 2.77 | 99.72 | 4986 | -498.5 |
| | | ceiling 5 (5*3*2.77) | 73.8 | 50 | 3690 | 4 | 3.05 | | 61 | 3050 | -640 |
| जम्मा रकम रू | | | 206.2 | | 10310 | | | | 183.43 | 9171.7 | -1138.3 |
| २ | २१८ | शुक्रबारे आहाल डाँडा सडक स्तरोन्नति योजना | | | | | | | | | |
| २.१ | २०७९।०३।२५ | Earth work in excavation of foundation of structures | | | | | | | | | |
| | | Location I | 4.36 | 87.65 | 382.15 | 7.8 | 0.65 | 0.85 | 4.31 | 377.73 | -4.43 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Location II | 5.3 | 87.65 | 464.55 | 5.2 | 1 | 1 | 5.2 | 455.78 | -8.76 |
| जम्मा रकम रू | | | 9.66 | | 846.7 | | | | 9.51 | 833.51 | -13.19 |
| २.२ | | Providing and laying of hand pack Stone soling | | | | | | | | | |
| | | Location I | 1.54 | 2911.94 | 4484.39 | 7.8 | 1.3 | 0.15 | 1.52 | 4429.06 | -55.33 |
| | | Location II | 1.06 | 2911.94 | 3086.66 | 5.2 | 1 | 0.2 | 1.04 | 3028.42 | -58.24 |
| जम्मा रकम रू | | | 2.6 | | 7571.04 | | | | 2.56 | 7457.48 | -113.57 |
| २.३ | | Plain Cement Concrete M15 | | | | | | | | | |
| | | Location I | 1.03 | 13663.13 | 14073.02 | 7.8 | 1.3 | 0.1 | 1.01 | 13854.41 | -218.61 |
| | | Location II | 0.53 | 13663.13 | 7241.46 | 5.2 | 1 | 0.1 | 0.52 | 7104.83 | -136.63 |
| जम्मा रकम रू | | | 1.56 | | 21314.48 | | | | 1.53 | 20959.24 | -355.24 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२=४</td><td></td><td>Random Rubble Masonry</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>Location I</td><td>9.02</td><td>9804.19</td><td>88433.79</td><td>7.8</td><td>0.73</td><td>1.575</td><td>8.91</td><td>87322.24</td><td>-1111.55</td></tr>
<tr><td></td><td></td><td>Location II</td><td>15.03</td><td>9804.19</td><td>147356.98</td><td>5.2</td><td>1.05</td><td>2.7</td><td>14.74</td><td>144533.37</td><td>-2823.61</td></tr>
<tr><td colspan="3">जम्मा रकम रू</td><td>24.05</td><td></td><td>295255.22</td><td></td><td></td><td></td><td>23.65</td><td>231855.61</td><td>-3935.16</td></tr>
<tr><td colspan="5">कूल जम्मा रकम रू</td><td>324987.45</td><td></td><td></td><td></td><td></td><td>261105.84</td><td>-4417.16</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td>१३७</td><td>२०७९-३-७</td><td>एफ.एम. सञ्चालन सामग्रीः<br>यस पालिकाले एफ.एम. सञ्चालन सम्बन्धि उपकरण, ल्यापटप कम्प्यूटर, प्रिन्टर व्याट्री, ईन्भर्टर, स्पिकर, फर्निचर लगायतका सामग्री सोझै खरिद गरी ताक्लुङ मिडिया प्रा.लि. लाई हस्तान्तरण गरी हस्तान्तरण फारम पेश गरेको देखियो । उक्त प्रा.लि. निजी कम्पनी भएको र निजी स्वामित्व भएको संस्थालाई सामग्री हस्तान्तरण गर्ने आधार नदेखिएको र उक्त संस्थामा यस पालिकाको कुनै शेयर लगानी वा ऋण लगानी समेत नदेखिएकोले उक्त कार्य मनासिव देखिएन । उक्त एफ.एम.सँग सम्झौता गरी विज्ञापन खर्च भुक्तानी नगर्ने शर्तमा उक्त सामग्री हस्तान्तरण गरिएको कार्यालयले जनाएको भएता पनि के</td><td>९६३,६५६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कति भुक्तानी गर्नुपर्ने भन्ने स्पष्ट उल्लेख गरेको छैन । पहुँच र प्रभावको आधारमा लाभ (मुनाफा) आर्जन गर्ने उद्देश्यले स्थापित फर्मलाई सामग्री खरिद गरी हस्तान्तरण गर्नाले स्रोतको अभाव हुने, थप व्ययभार पर्ने र आधिकाधिक लाभग्राही लाभान्वित हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्यको विपरित हुने हुन्छ । मुनाफा आर्जन गर्ने उद्देश्यले संचालित फर्मलाई अनुदान दिएको नियमित देखिदैन । | |

| सि.नं. | सामानको नाम | थान | रकम |
|---|---|---|---|
| १ | डेस्कटप कम्प्युटर | १ | १०१७०० |
| २ | ल्याबटप | १ | ११३००० |
| ३ | प्रिन्टर | २ | ६३२८० |
| ४ | ब्याट्री | ४ | १४९१६० |
| ५ | ईन्भर्टर | १ | ३६१६० |
| ६ | माईक्रोफोन | २ | १९००० |
| ७ | साउण्ड सिस्टम | १ | १९५००० |
| ८ | कन्फेरेन्स स्पिकर | २ | १९८००० |
| ९ | स्टिल दराज | २ | ३९५५० |
| १० | टी टेबल | १ | ७३४५ |
| ११ | कम्प्युटर टेबल | ३ | ४९१५५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१२</td><td>काठको प्याक</td><td>१</td><td>३२७७०</td></tr>
<tr><td>१३</td><td>ईस्टुल</td><td>३</td><td>३०५१०</td></tr>
<tr><td>१४</td><td>थ्रि सिटर</td><td>२</td><td>३९५५०</td></tr>
<tr><td>१५</td><td>बेशिन चियर</td><td>६</td><td>४२०३६</td></tr>
<tr><td>१६</td><td>सोफो सेट</td><td>१</td><td>५०२८५</td></tr>
<tr><td>१७</td><td>एक्जुकेटिभ चेयर (हलुका)</td><td>२</td><td>३९५५०</td></tr>
<tr><td>१८</td><td>एक्जुकेटिभ चेयर</td><td>१</td><td>२५४२५</td></tr>
<tr><td>१९</td><td>अफिस टेबल</td><td>२</td><td>८५८८०</td></tr>
<tr><td></td><td></td><td>कूल जम्मा</td><td>९६३,६५६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td>२१२</td><td>२०७९-३-२५</td><td>गाउँपालिका भवन डिजाईनः<br>यस पालिकाको भवन निर्माणका लागि परामर्श सेवा मार्फत ए वान ईन्जिनियरिङ डिजाईन एण्ड कन्स्ट्रक्शन प्रा.लि. (६०६६३४५५५) ले पेश गरेको ड्रईङ्ग तथा डिजाईन र लागत अनुमान बमोजिम रू. १०,२९,९०,४६०।७३ को पालिका भवन बनाउने प्रस्ताव गरिएको छ । उक्त भवनमा ६ जना सिफट क्षमताको लिफ्ट सहितको ३ तल्ले भवन प्रस्ताव गरिएको छ । पालिकाको आन्तरिक आय रू. ३२,१२,८४३।- भएको पालिकाले उच्च लागतयुक्त भवनको प्रस्तावको प्रस्ताव गरेको र आन्तरिक आयबाट मात्र भवन निर्माण गर्दा ३३ वर्ष लाग्ने देखिन्छ । हाल भवन निर्माणको प्रक्रिया अगाडी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बढेको नदेखिएकोले भविष्यमा उक्त भवनको लागत अझै बढ्ने देखिन्छ । पालिकाले योजना छनौट गर्दा भएका संरचनाको समेत उपयोग गर्ने गरी मितव्ययीता अपनाउनुपर्ने देखिन्छ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>ब.उ.शी.नं.</th><th>योजना/ कार्यक्रम</th><th>फर्म</th><th>भुक्तानी</th></tr>
<tr><td>२१२।२०७९।३।२५</td><td>गा.पा. पूँजीगत</td><td>पालिका भवनको ड्रईङ्ग डिजाईन</td><td>ए वान ईन्जिनियरिङ डिजाईन एण्ड कन्स्ट्रक्शन प्रा.लि. (६०६६३४५५५)</td><td>१७,००,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td>७</td><td>२०७८-११-८</td><td>स्वास्थ्य सूचना कार्यक्रमः<br>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत स्वास्थ्य सूचना साथै आई.एम.यू. सुद्धिकरण कार्यक्रम अन्तर्गत ल्यापटप तथा प्रिन्टर एक्स्टरनल हार्डवयेर हार्डडिस्क खरिद गर्न रू. २ लाख रकम बिनियोजन गरेको र सो को शर्त र स्पेशिफिकेशन समेत तोकिएकोमा कार्यालयले उक्त रकमबाट प्रिन्टर एक थान, डेक्सटप कम्प्यूटर २ थान सोझै खरिद गरी रू. २ लाख भुक्तानी गरेको छ । तोकिएको शर्तको पालना नगरी डेस्कटप कम्प्यूटर खरिद गरेको देखियो । कार्यालयले खर्च गर्दा तोकिएको शर्तको पालना गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२४</td><td>७१</td><td>२०७९-१-१५</td><td>शुक्रबारे सोरेनी छिपुवा सडक स्तरोन्नति योजनाः<br><br>यस पालिकाले आ.ब. २०७८।०७९ को वार्षिक कार्यक्रम अनुसार शुक्रबारे सोरेनी छिपुवा सडक स्तरोन्नति योजना छथर गाउँपालिका ५ को लागि विनियोजित रू. १०,००,०००।— बजेट कार्यपालिकाले रकमान्तर गरी छथर अस्पताल अनुदान शिर्षकमा अस्पताल सञ्चालन तथा कार्यालयको अन्य मसलन्द खर्चको लागि भनी मिति २०७९।१।५ मा रू. ५ लाख अनुदान दिएको छ । तर लेखापरीक्षण अवधीसम्म पनि सो अनुदान रकम के के प्रयोजनको लागि खर्च भएको हो । त्यसको खर्च पुष्टि हुने बिल भरपाई पेश भएको छैन । गाउँपालिकाले अस्पतालले रजिष्ट्रर लेखापरीक्षकबाट लेखापरीक्षण</td><td>५००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउने गरेको भन्ने भनाई रहेको छ तर अस्पतालले गाउँपालिकाबाट गएको अनुदान रकम रजिष्ट्रर लेखापरीक्षकबाट लेखापरीक्षण गराउने भन्ने स्पष्ट कानुनी आधार देखिदैन । त्यसैले पालिकाले बिल भरपाई कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू. | |
| २५ | | | **भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलनः** | |
| २५.१ | | | भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धि कार्यविधी २०७८ बमोजिम अनुसूची १(क) मा एक जना सेवा प्रमुख छैठौ/ सातौ तहमा प्रशासन प्राविधिक स्थायी मध्ये वा करार सेवामा लिने व्यवस्था छ । यस पालिकाले उक्त लगत संलकन गरी ७१७ घरधुरीको विवरण राष्ट्रिय भूमी आयोगमा पेश गरेको छ । पालिकाले उक्त लगत संकलन गर्ने कार्यका लागि अस्थाई प्रकृतिको संरचना खडा गरी कार्यसम्पन्न गर्नुपर्नेमा ३ जना कर्मचारी नियुक्ति गरी हालसम्म नियमित करार गरेको देखियो । कार्य पालिकाको मिति २०७८।९।२८ को निर्णयानुसार धर्मराज खुलाललाई छथर गाउँपालिका भूमि आयोगको अध्यक्षको रुपमा नियुक्ति गरी रु.३७,९९० प्रति महिनाका दरले २०७८।११।१ देखि २०७९ असार मसान्तसम्म रु.१,८९,९५० हाजिर बेगर भुक्तानी गरेको छ । कार्यविधीमा व्यवस्था नै नभएको पद सिर्जना गरी पदाधिकारीलाई तलब भत्ता भुक्तानी गर्नुको आधार स्पष्ट भएन । उक्त रकम असुल गर्नुपर्दछ । | १८९,९५० |
| २५.२ | ८९ | २०७९-१-२२ | गाडी भाडा बापत रु.१८,०००।–धर्मराज खुलाललाई र रु.१८,०००।–डण्डिकेशर खनाललाई बुझाएको र निजहरुले पुनः दुर्गाबहादुर विश्वकर्मालाई (गाडी नं १ च ८७०० उल्लेख) बुझाएको भरपाई पेश गरेकोमा गाडी भाडाको सम्झौता पेश भएन । साथै उक्त भुक्तानी सिधै सवारी धनीलाई गर्नुपर्नेमा पदाधिकारी तथा कर्मचारीलाई भुक्तानी गर्नुको आधार स्पष्ट भएन । सवारी भाडाको सम्झौता सहितको पुष्टयाई पेश गर्नुपर्दछ । | ३६,००० |
| २५.३ | २०३ | २०७९-३-२३ | कार्यालयले पेश गरेको बिल भरपाईमा बिल नं उल्लेख नभएको बिल फोटोकपी गरी उक्त बिलमा फोटोकपी पेपर २ रीम, फाईल २० थान, पाईलट पेन ४ थान, ग्लुस्टिक १ थान पेट्रोलको रु.५०६०।–को पेश भएको छ । फोटोकपी तयार गरेको बिल मात्र नहुने भएकाले उक्त रकम असुल गर्नुपर्दछ । | ५,०६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>

**उपभोक्तालाई व्यवस्थापन खर्च भुक्तानीः**

सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ताबाट खरिद सबन्धमा उल्लेख भएकोमा सो मा व्यवस्थापन खर्च दिईने ब्यवस्था छैन । यस पालिकाले सञ्चालन गरेको Small Irrigation Program (SIP) – phase II तर्फ निम्नानुसार योजनामा उपभोक्तालाई WUAS Management Cost बापत Total Civil Cost को २% का दरले व्यवस्थापन खर्च भुक्तानी गरेको देखियो । सम्झौताको साथ पेश भएको कागजातमा अर्थ मन्त्रालय र नेपालस्थित स्वीट्जरल्याण्ड राजदुताबास बीच भएको MOU को बुँदा नं ९७ मा "2% of the total construction cost is used as the management cost by the Water User Association. This was based on the schedule 1- use of contingency fund as per the Local Resource Mobilization Guidelines, 2069. WUAs can use this for travel cost of WUA members, WUA Stationery and communication, honorarium for Cos, Public hearing and audit costs. Project information based and so on" भनी उल्लेख गरेको आधारमा उक्त २% व्यवस्थापन शुल्क खर्च गरेको कार्यालयले जनाएको छ । उक्त स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ हाल खारेज भईसकेको र सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्तालाई यसरी ब्यवस्थापन शुल्क दिने भन्ने व्यवस्था नभएकोले कार्यालयले गरेको उक्त व्यवस्था ऐन तथा नियमावलीसंग बाँझिएको देखिएको र निर्माण उपभोक्ताबाट कार्य गराउँदा उपभोक्ताको पनि जनसहभागिता परिचालन हुने र राज्यको कम स्रोत परिचालन बढी उपलब्धी हासिल गर्ने भन्ने सार्वजानिक खरिद ऐन तथा नियमावलीको मनसाय बमोजिम नदेखिएकोले यस्तो खर्च लेख्न मिल्ने देखिदैन । उपभोक्ता समितिले यस्तो रकमबाट ईन्धन, खाना, स्टेशनरी लगायतका शिर्षकमा खर्च गरेको देखियो । कानुनसम्मत नभएको खर्च असुल उपर हुनुपर्दछ ।

<table>
<tr><th>भौचर नं.।मिति</th><th>विवरण</th><th>लागत अनुमान (civil works)</th><th>मूल्याङ्कन (Civil workers)</th><th>Management cost</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>१३२,६२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१।२०७९।३।२२</td><td>कंसुवा सिंचाई जल उपभोक्ता संस्था, छथर वडा नं २</td><td>३०,४३,८२३।९६</td><td>२८,७८,१०६।९०</td><td>५७,५६२।१४</td></tr>
<tr><td>२५।२०७९।३।२३</td><td>कान्गुती सिचाई योजना छथर-२</td><td>८००५४७८।१५</td><td>४०९२३०६।४६</td><td>७५०६२।८४</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१३२६२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td>३०१</td><td>२०७९-३-२३</td><td>सफ्टवयर संचालन नभएको:<br><br>पालिकाको बार्षिक कार्यक्रम अनुसार सूचना प्रविधि शिर्षकमा विनियोजन गरिएको बजेट रू. ५००,०००।— बाट कोटेशन माध्यमद्वारा ड्रइआयस सोलुसन प्रा.लि. काठमाडौंबाट अपाङ्गता तथा परिचयपत्र वितरण सम्बन्धि सफ्टवेयर १ थान रू ८८,०००।- र ई-हाजिर सम्बन्धि सफ्टवेयर रू. ३४१,०००।- गरी जम्मा रू ४२९,०००।- मा भ्याट ५५,७७०।- सहित रू. ४८४,७७०/- मा आ.व. २०७८/०७९ को आषाढ भित्रै खरिद गरी स्टोरमा दाखिला समेत भएको देखिन्छ । तर, ती सफ्टवेयरहरू हालसम्म पनि प्रयोग आएको देखिंदैन । त्यसैले ती सामानहरूको तत्काल प्रयोग गर्नुपर्ने तथा आवश्यकता र औचित्य विना बजेटमात्र खर्च गर्ने मनसायले गरिने खर्चलाई नियन्त्रण गर्न पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | 180 | २०७९-१-९ | **बढी भुक्तानी**<br>गा.पा. बाट स्वीकृत शिक्षातर्फको बार्षिक कार्यक्रम अनुसार छथर गाउँपालिका अन्तरगतका बिद्यार्थीहरूलाई सहभागी बनाई २०७८/९/२१ गते देखि ३ महिना , ९० दिनसम्म लोोकसेवा तयारी कक्षा सञ्चालन गर्न दैनिक २ घण्टाको १ कक्षा बराबर ९० ओटा कक्षा सञ्चालन गर्न भनि कार्यक्रम स्वीकृत भएकोमा सो कार्यक्रम बापतको जम्मा खर्च रू. १९९१३०।- भुक्तानी गर्दा ९० ओटा कक्षाको प्रति कक्षा रू. १३००/- को दरले जम्मा रू. ११७०००/- भुक्तानी भएको छ । तर, विद्यार्थी उपस्थिति परीक्षण गर्दा ७७ दिन मात्र कक्षा सञ्चालन भएको छ । त्यसैले ७७ कक्षाको रू. १००१००/- भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी भएको रू. १६९००/- मा १५ प्रतिशत पारीश्रमिक कर कट्टी गरी रु १४३६५ सम्बन्धितबाट असुल गर्नुपर्ने । | १४,३६५ |
| २९ | | | **शिर्षक फरक पारी खर्च**<br>एकिकृत आर्थिक संकेत बर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) ले आर्थिक विवरणको गुणात्मकता अभिबृद्धि गरी आर्थिक तथ्याङ्कलाई सरल, व्यवस्थित, विश्वासनीय, तुलनायोग्य र पारदर्शी बनाउन खर्चको प्रकृतिको आधारमा तोकिएको खर्च उप-शीर्षकहरु प्रयोगमा ल्याएको छ। यस पालिकाले तयार गरेको बजेटले यस नियमको पालना गरेको पाइदैन। उक्त एकिकृत आर्थिक संकेत बर्गीकरण र व्याख्या, २०७४ को व्याख्या विपरित निम्नानुसारका खर्च रकमहरु फरक संकेत नम्बरमा बर्गीकरण गरी खर्च लेखेको तथा अभिलेख राखेकोले पालिकाले तयार गरेको वित्तीय विवरणले यथार्थ र वस्तुगत अवस्थाको चित्रण गर्दैन । फरक शीर्षकमा खर्च लेखेको नियमित देखिदैन । | ३,९५८,६४८ |

| गो.भौ.नं./मिति | खर्च शिर्षक | योजना | रकम |
|---|---|---|---|
| ३३४-०७९।०३।२५ | पारिश्रमिक कर्मचारी | खेलमैदान जालि भर्ने योजना | ५,६६,४५९ |
| ३३४-२०७९।०३।२५ | पारिश्रमिक कर्मचारी | छथर क्याम्पस जोड्ने सडक सोलिङ योजना छथर | ९,३०,४८१ |
| ३३४-२०७९।०३।२५ | पारिश्रमिक कर्मचारी | जैसि चैतारा रोटेपिङ सडक निर्माण योजना | ७,२६,८०५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३३४-२०७९।०३।२५</td><td>पारिश्रमिक कर्मचारी</td><td>सरस्वति मा.वि. शुक्रबारे ग्याविन ब्यवस्थापन योजाना</td><td>९,२४,०१२</td></tr>
<tr><td>३३४-२०७९।०३।२५</td><td>पारिश्रमिक कर्मचारी</td><td>शुक्रबारे शारदा खैरेनि सडक स्तरोउन्नति योजना</td><td>५,९४,४०८</td></tr>
<tr><td>३३४-२०७९।०३।२५</td><td>पारिश्रमिक कर्मचारी</td><td>दलित संजाल भवन निमार्ण योजना</td><td>२,१६,४८३</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td>३९,५८,६४८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td>३१५</td><td>२०७९-३-४</td><td>उपाध्यक्षसँग महिला आयआर्जन कार्यक्रम कार्यबिधि तर्जुमा गरी पालिका अन्तरगत आर्थिक रुपले बिपन्न सिमान्कृत समुदायका महिलालाई महिलाकै नाममा दर्ता भएका ब्यवसायलाईमात्र अनुदान दिने ब्यवस्थ गरेकोा छ। फुलबारी सप्लायर्स छथर -२ लाई रू १००,०००/- अनुदान भुक्तानी गरेको देखिन्छ । तर सो ब्यवसाय लोकेन्द्र थापाको नाममा छथर गा. पा. र तेह्रथुमको उद्योग वाणिज्य संघमा समेत लोकेन्द्र थापाको नाममा सदस्यको रूपमा भाडावर्तन तथा हार्डवेर कारोबार गर्ने गरी दर्ता भएको देखिन्छ । यसरी कार्यक्रमको लक्ष्य र उद्देश्य विपरित भाडावर्तन तथा हार्डवेर कारोबार गर्ने फुलबारी सप्लायर्स अनुदान दिनु नियमसम्मत नदेखिएको रु १०००००।</td><td>१००,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>वितरणमुखी खर्च<br><br>पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रयोजनका आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पुँजी सिर्जना नहुने प्रकृतिका कार्यक्रम जुन वितरणमुखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरूत्साहित गर्न आवश्यक देखिन्छ। ऐनमा संस्था, समूह, भेला, तालिम र कार्यालय संचालन लगायतमा आर्थिक सहायता दिन सक्ने कानुन व्यवस्था समेत देखिदैन । नमुना छनौटको आधारमा परीक्षण गर्दा यस पालिकाले निम्न अनुशारका वितरणमुखी कार्यक्रम छनोट तथा कार्यान्वयन गरी रू१९२४२१०।- खर्च गरेको छ । यस्ता खालका बितरण मुखी कार्यक्रमलाइ नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.नं. /मिति</td><td>कार्यक्रमको नाम</td><td>भुक्तानी पाउने</td><td>रकम</td></tr>
<tr><td>१८५-०७९।१।१०</td><td>पाथिभरा भजन किर्तन मण्डली छथर शुक्रबारे सामाग्री खरिदपाथीभरा भजन किर्तन मण्डली</td><td>पाथीभरा भजन किर्तन मण्डली</td><td>२५०००</td></tr>
<tr><td>१८४-०७९।१।९</td><td>उपाध्यक्षसँग महिला आयआर्जन</td><td>विभिन्न५४ जना न्यूनतम १० हजार देखि १ लाख सम्म</td><td>१००००००</td></tr>
<tr><td>१९४-०७९।१।२२</td><td>नुमाफुङ साँस्कृतिक क्लब सहयोग कार्यक्रम वडा नं. ३</td><td></td><td>९९९१०</td></tr>
<tr><td>२८६-०७९।३।२१</td><td>खेलकुद विकास कार्यक्रम</td><td></td><td>९९३००</td></tr>
<tr><td>विभिन्न</td><td>विभिन्न बसाईसरी आउनु व्यक्तिहरू २० घरधुरी</td><td></td><td>७०००००</td></tr>
<tr><td></td><td></td><td></td><td>१९२४२१०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td>276</td><td>२०७९-३-१९</td><td>खर्च पुष्टी प्रमाण<br>२७६-२०७९/०३/१९ छथर गा.पा. को विभिन्न मितिमा कार्यक्रम तथा अतिथि स्वागत सत्कार वापत खाना तथा खाजा शिर्षकमा खुलाल स्टोर एण्ड नास्ता घरका सञ्चालकका नाममा चेक काटी रू. १९५,८५०।- भुक्तानी भएको छ । तर सो खर्च पुष्टि गर्ने प्रमाण संग्लन नभएकोले प्रमाण पेश गर्नु पर्ने १९५८५०</td><td>१९५,८५०</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br>पालिकाको आ ब२०७८।०७९ मा भएको क्षेत्रगत बजेटको र खर्चको अबस्था निम्नानुसार छनः<br>(रु.हजारमा)<br><table>
<tr><td>मुख्य क्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>कुल खर्च मध्ये प्रतिशत</td></tr>
<tr><td>आर्थिक विकास</td><td>२६३३७१००</td><td>१९७६५०३०</td><td>७५.०५</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२३४२५३०७५</td><td>१९३५०१९३७.९७</td><td>८२.६</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>११६०१७००७</td><td>८४३३५३४७</td><td>७२.६९</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>६६५४०००</td><td>४७८९७४६</td><td>७१.९८</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>९२९५०४००</td><td>८०८०८१५३.८१</td><td>८६.९४</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३८३२००२१४.७७</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रमः</td><td></td></tr>
<tr><td>३४.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, प्रत्येक आर्थिक बर्षको कार्तिक मसान्तसम्म भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस पालिकालाई यस वर्ष सामाजिक सुरक्षा कार्यक्रममा रु.५,७२,५८,०६८।— बजेट निकासा प्राप्त भएकोमा बैकले लाभग्राहीको खातामा रकम दाखिला गरी फिर्ता गरेको मौज्दात रकम रु.२,२९,१३२।- घटाई रु.५,७१,६९,४२४।—</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बराबरको रकम लाभग्राहीको खातामा खर्च भुक्तान भई बढी निकासा भएको रकम रु.८८,६४४।— संघीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा हालसम्म फिर्ता नभएको देखियो । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन् । | |
| ३४.२ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा १८ मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा बढी निकासा भएको रु.८८,६४४।— संघीय संचित कोषमा जम्मा भएको देखिएन । उक्त रकमलाई तत्काल संघीय संचित कोषमा जम्मा गर्नुपर्ने रु. | ८८,६४४ |
| ३४.३ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले कार्यविधिमा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको भत्ता सम्बन्धितको खातामा दाखिला गरेको त्रैमासिकगत विवरण पालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेमा सो अनुसार समयमा नै पालिकाले बैंकबाट त्रैमासिकगत विवरण लिने गरेको पाईएन। बैंकले लाभग्राहीको खातामा रकम दाखिला गरेको विवरण प्राप्त नगरी केवल वडा कार्यालयबाट पठाईएको भरपाईको आधारमा पालिकाले हिसाब फरफराक गर्ने गरेको देखियो । पालिकाले ब्यालेन्स सर्टीफिकेट, Reverse Feed, स्टेटमेण्ट भिडान गरी हिसाब फरफारक गराउनु पर्दछ । | |
| ३४.४ | | | सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र लाभग्राहीको परिचयपत्र नविकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई निवेदन दिएपछिको महिनापछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट नविकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ३४.५ | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको ब्यवस्था गरे बमोजिम यस नगरपालिकाले लाभग्राहीहरुको खातामा भत्ता दाखिल गर्न पहिलो त्रैमासिकको भत्ता २०७८।६।१७ गते, दोस्रो त्रैमासिकको भत्ता २०७८।१०।०६ गते, तेस्रो त्रैमासिकको भत्ता २०७८।०१।२१ गते र अन्तिम चौथो त्रैमासिकको भत्ता २०७९।३।२७ गते बैकमा निकासा गरेको देखिन्छ। पालिकाले समयमै सामाजिक सुरक्षा भत्ता वितरणमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३५ | २१६ | २०७९-३-२५ | **कर्मचारी पुरस्कारः**<br>यस पालिकाको गाउँ कार्यपालिकाको मिति २०७९।३।२२ को निर्णयानुसार पालिका अध्यक्षको संयोजकत्वमा गठित समितिको सिफारिस तथा निर्णय बमोजिम पालिकाको २०७९।३।२३ मा सम्पन्न छैठौ बजेट अधिवेशन तथा दशौ गाउँपालिका बैठकमा १२ जना कर्मचारीलाई सम्मानित तथा पुरस्कार गरी ११ जना उत्कृष्ट कर्मचारी तथा १ जना सर्वोत्कृष्ट कर्मचारी घोषणा गरी जनही क्रमशः रु.३०,०००।–र रु.५०,०००।–का दरले रु.३,८०,०००।–पुरस्कार वितरण गरेकोमा उक्त पुरस्कार छनौट तथा सम्बन्धि कार्यविधी बनाएको देखिएन् । कार्यविधीको अभावमा कर्मचारी छनौट गर्ने आधार, संख्या, रकम, तरिका सम्बन्धमा यकिन हुन सकेन । तजबिजी निर्णयबाट खर्चमा नियन्त्रण नहुने तथा कर्मचारी प्रोत्साहित भई कार्य गर्ने अवस्था नहुने हुन्छ । साथै कार्यालयले पूँजीगत शीर्षकबाट चालु प्रकृतिको उक्त खर्च लेखेको समेत देखियो । पालिकाले कार्यविधी बनाई यस्तो पुरस्कार छनौटको आधार तथा संख्या र राशी निश्चित गर्नुपर्ने देखिएको रु | ३८०,००० |
| ३६ | | | **सोझै खरिदः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रू. २० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। कार्यालयले रु. २१,७४,८८४।- मूल्यको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ। प्रतिष्पर्धा नगरी सोझै खरिद गरेको नियमित गरी पेश गर्नुपर्दछ। | |

| भौचर नं/ मिति | ब.ख.शी. नं | विवरण | फर्मको नाम | भुक्तानी रकम | |
|---|---|---|---|---|---|
| २४।२०७९। ३।२३ | आ.पूजीगत | सोलार ब्याट्री लगायतका खरिद | समृद्ध मल्टी ट्रेड लिंक(१२१७९९६९२) | 333,445 | |
| ३।२०७८।१०।२४ | आ.पूजीगत | लेभोनो ट्याब समेत खरिद | जीवन्त आईटी (६०९८०२३४६) | 294,308 | |
| ५।२०७८।११।२३ | आ.पूजीगत | हार्डवेयर सम्बन्धि सामग्री खरिद | कृष्ण हार्डवयेर स्टोर(३०००९६५६७) | 56,069 | |
| ७।२०७८।१२।८ | संघीय हस्तान्तरण | प्रिन्टर, कम्प्युटर खरिद | पवित्रम ईन्फोयस (६१३२१९२१५) | 200,000 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १९६।२०७९।३।२४ | आ.पूजीगत | डिजिटल डिस्प्ले लगायतका खरिद | ट्रेड म्याक्स कम्पनी (६१०१४८३४१) | 200,000 | |
| १९०।२०७९।३।२३ | संघीय हस्तान्तरण | पाईप खरिद | नेपाल प्लास्टिक प्रा लि (३०००१६०९७) | 195,931 | |
| १८४।२०७९।३।२३ | संघीय हस्तान्तरण | क्यामेरा खरिद | ओम साई सप्लायर्स(६००२८२५९६) | 200,000 | खरिदको उद्देश्य र सहायक जिन्सी नखुलेको स्टोरमा नरहेको |
| १७९।२०७९।३।२२ | संघीय हस्तान्तरण | प्रिन्टर मर्मत लगायका खरिद | ओम साई सप्लायर्स(६००२८२५९६) | 92,100 | |
| १७९।२०७९।३।२३ | संघीय हस्तान्तरण | ल्यापटपका सामग्री लगायतका खरिद | आदित्य स्मार्टटेच | 103,031 | |
| ९९।२०७९।१।२६ | आ.पूजीगत | हाते ट्याक्टर अनुदान कार्यक्रम | रसना स्याक्टर स्पेयर्स | 500,000 | |
| | | | | 2,174,884 | |
| | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>

**घटी कार्यसम्पन्नः**

पालिकाले निम्नानुसारका योजनाहरु कार्यान्वयन गर्दा लागत अनुमानको तुलनामा घटी कार्य गर्दा समेत कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोमा सो को कारण सहितको प्राविधिक पुष्टयाई पेश गरेको छैन । यस सम्बन्धमा घटी कार्य गर्ने उपभोक्ता समिति समेतलाई जिम्मेवार बनाई पुष्टयाई पेश गर्नुपर्दछ साथै तोकिए बमोजिमको निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

<table>
<tr><th>गो भौ नं/मिति</th><th>ब.उ.शी. नं.</th><th>योजना</th><th>ल.ई.</th><th>मूल्याङ्कन</th><th>घटी कार्यसम्पादन प्रतिशत</th></tr>
<tr><td>२०९।३।२४</td><td>संघीय</td><td>लेक्सिरी नौसिंगे टुनिटार कृषि सडक</td><td>४५७६१५।७४</td><td>३०५१३४।४२</td><td>३३.३२%</td></tr>
<tr><td>१८६।३।२३</td><td>संघीय</td><td>अधेरी स्कुलडाँडा सडक</td><td>३५८६८४।९४</td><td>१९९६९५।०३</td><td>४४.३३%</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td>१७८</td><td>२०७९-३-२५</td><td>

**डिपीआर खर्चः**

क) पालिकाले ५ वेड अस्पताल निर्माणका लागि परामर्श खर्च वापत परामर्श दाता हरिओम इन्जिनियरिङ कन्सलटयान्सीलाई रू ११९९९९८ भुक्तानी गरेको छ। उक्त संस्थासँग मिति २०७९।१।२५ मा भएको सम्झौता अनुसार मिति २०७९।२।१५ मा सक्ने गरी सम्झौता भएकोमा समयमै सम्पन्न गर्न नसकेको कारण सम्झौता विपरित २४ दिन ढिला
</td><td>६५,८४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरी सम्पन्न प्रतिवेदन पेश हुन आएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम प्रतिदिन लाग्ने पूर्व निर्धारित क्षतिपुर्ति रकम असुल गर्नु पर्ने देखिएको रू १२,७४३।२८ असुल गर्नुपर्दछ ।<br>ख) उक्त परामर्शदाताको धरौटी कट्टा नगरेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) बमोजिम बीजक रकमको ५ प्रतिशतले हुने रू ५३०९७।२५ दाखिला गर्नुपर्ने देखिन्छ ।<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३८.१</td><td></td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>मूल्य अभिबृद्धि करमा दर्ता नभएकोसँग खरिदः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बीस हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसार तोकिएको सिमा भन्दा बढी भुक्तानी गर्दा मू अ करमा दर्ता भएको फर्मसँग खरिद गरेको पाइएकोले कानुनको परिपालना गर्नेतर्फ ध्यान दिनु जरुरी छ ।<br>
<table>
<tr><th>गो.भौ. नं/मिति</th><th>ब उ शी नं</th><th>योजना</th><th>सामान विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१९९।२०७९।३।२४</td><td>संघीय सरकार</td><td>नविन शिक्षा सदन मा वि शौचालय निर्माण</td><td>पाईप, बास बेशिन लगायतका शौचालयको सामग्रीहरु</td><td>५३९९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td></td><td>१३१,००५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **दाखिला प्रमाण पेश नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सोको सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम कार्यालयले तोकिएको म.ले.प. फारामको ढाँचामा खर्च भएर जाने र नजाने जिन्सी खाताको अभिलेख राख्नुपर्दछ। कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदन, जिन्सी किताब तथा जिन्सी सामानको भौतिक परीक्षण गर्दा कार्यालयले जनज्योति आधारभुत विद्यालयलाई वितरण गरेको प्लास्टिक कुर्सी, बोस चेयर लगायतका सामग्रीहरु दाखिला गरेको देखिएन । उक्त जिन्सी सामग्रीहरूको जिन्सी दाखिला प्रमाण पेश हुनुपर्दछ ।<br><br>गो.भौ. नं/ मिति \| ब.उ.शी. नं. \| योजनाको नाम \| सामग्रीको विवरण \| भूक्तानी रकम<br>१५५-२०७९।३।१५ \| संघीय \| जनज्योति आ वि छथर २ लाई फर्निचर वितरण \| प्लास्टिक कुर्सी, बोस चेयर लगायत \| १३१,००५ | |
| ४१ | | | **कर बिजकको ढाँचाः**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ। निम्न भौचर र मितिबाट निम्न फर्मले जारी गरेको बिजक रितपुर्वक नरहेको देखियो । मूल्य अभिवृद्धि कर दर्ता भएको व्यक्तिले रितपूर्वकको बिजक पेश नगर्नु तथा कार्यालयले विल विजकको चेक जाँच गरी नियमावलीको पालना गर्ने तर्फ उचित ध्यान नदिनु नै यसको मुख्य कारण रहेको पाइन्छ । यसबाट भुक्तानी गरिएको कर रकम सरकारको राजस्वमा जम्मा नभई सरकारी आम्दानी घट्न जाने देखिन्छ । तसर्थः मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपूर्वकको कर बीजक जारी गर्ने र कार्यालयले भुक्तानी दिँदा सोको चेकजाँच गरी भुक्तानी दिनुपर्ने देखिन्छ । | ३४,३६३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर रू. २३८,०६६।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।<br>
<table>
<tr><th>गो.भौ. नं/ मिति</th><th>ब.उ. शी.नं.</th><th>योजना/ कार्यक्रम</th><th>फर्मको नाम</th><th>बिजक रकम</th><th>मू.अ. कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>१८९-२०७९।३।२३</td><td>संघीय</td><td>कर्मिटर सडक विस्तार योजना</td><td>भिमसेन निर्माण सेवा (६१७३२७५६१)</td><td>१०३६२३।३</td><td>१३४७१</td><td>बिजक नं केरमेट</td></tr>
<tr><td>१८७-२०७९।३।२३</td><td>आ पू</td><td>ओखरबोटे टर्निङ देखि वर्थिङ सेन्टर जाने सडक योजना</td><td>भिमसेन निर्माण सेवा (६१७३२७५६१)</td><td>१६०७०५।४</td><td>२०८९२</td><td>बिजक नं केरमेट</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>३४,३६३</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>छडको दररेट::<br><br>यस पालिकाले मिति २०७९।३।२९ मा स्वीकृत तेह्रथुमको जिल्ला दररेटलाई प्रयोग गरेको छ । उक्त दररेटमा मोरङ जिल्लाको दररेट प्रयोग गरी दुवानी भाडा जोड्ने गरी तोकिएको छ । मोरङ जिल्लाको जिल्ला दररेट (२०७८।३।२९ गते स्वीकृत) को फलामजन्य निर्माण सामग्रीहरूको बुँदा नं १ को फलामे डण्डी Fe-500, NS-191, मा 8mm को रू. ९०.५०, १० देखि २० mm को रू. ८७ तोकिएको छ । यस पालिकाले उक्त रकममा मोरङ देखि यस पालिकासम्मको दुवानी थप गरी छडको दररेट मूल्याङ्कन गर्नुपर्नेमा रू. ११५ मा ढुवानी थप गरी मूल्याङ्कन गर्दा निम्नानुसारको बढी भुक्तानी भएको</td><td>२३९,३९८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखियो । पालिकाले मोरङ जिल्लाको जिल्ला दररेटको बुँदा नं २(१०) फलामे स्क्वायर होलो रड सबै साईजको दर रू. ११५ प्रयोग गरेको जनाएको छ । दररेटको बुँदा नं २(१) मा स्पष्ट रूपमा फलामे छडको दररेट रू. ९०.५० र रू ८७ तोकेकोमा अन्य दररेट प्रयोग गर्न मिल्ने देखिदैन । अतः निम्नानुसारको योजनामा छडको दर बढी कायम गरी बढी लागत अनुमान तयार गरी बढी दरमा मूल्याङकन गरी भुक्तानी गरेको रू. २,३९,३९७।८६ सम्बन्धितबाट असुल गर्नुपर्ने देखिन्छ । | |

| क्र.सं. | गो.भौ.नं। मिति | योजनाको नाम | छडको विवरण | | जम्मा परिणाम | ल.ई.को दर | ल.ई.बमोजिमको रकम | | जम्मा मूल्याङ्कन | हुनुपर्ने दर | | हुनुपर्ने मूल्याङ्कन | | हुनुपर्ने जम्मा मूल्याङ्कन | फरक रकम जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८ | १०—२० | | | ८ | १०—२० | | ८ | १०—२० | ८ | १०—२० | | |
| 1 | 123 (3/4) | तरकारी संकलन भवन निर्माण योजना गाउँपालिका पुंजीगत | 0 | 125.6 | 125.6 | 119.96 | 0 | 15066.98 | 15066.98 | 95.63 | 92.13 | 0 | 11571.53 | 11571.53 | -3495.45 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>2</td><td>207 (3/24)</td><td>छथर क्याम्पस भवन निर्माण योजना</td><td>838.98</td><td>2751.42</td><td>3590.4</td><td>135.09</td><td>113337.81</td><td>371689.33</td><td>485027.14</td><td>107.4</td><td>103.45</td><td>90106.45</td><td>284634.4</td><td>374740.85</td><td>-110286.29</td></tr>
<tr><td>3</td><td>10 (3/25)</td><td>शुक्रबारे कृषि हाट बजार</td><td>407.84</td><td>1114.38</td><td>1522.22</td><td>120.27</td><td>49050.92</td><td>134026.48</td><td>183077.4</td><td>95.77</td><td>92.27</td><td>39058.84</td><td>102823.84</td><td>141882.68</td><td>-41194.72</td></tr>
<tr><td>4</td><td>214 (3/25)</td><td>परेवाखोप प्रतिभा सामूदायिक भवन निर्माण योजना</td><td>41.62</td><td>371.93</td><td>413.55</td><td>135.43</td><td>5636.6</td><td>50370.48</td><td>56007.08</td><td>107.75</td><td>103.79</td><td>4484.56</td><td>38602.61</td><td>43087.17</td><td>-12919.91</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 5 | 30 (12/11) | बतासे शिवालय मन्दिर निर्माण योजना | 217.12 | 580.27 | 797.39 | 135.15 | 29343.77 | 78423.49 | 107767.26 | 107.47 | 103.51 | 23333.89 | 60063.75 | 83397.63 | -24369.62 |
| 6 | 176 (3/22) | अधेरी छाप खानेपानी ट्याङ्की निर्माण योजना | 0 | 241.01 | 241.01 | 134.23 | 0 | 32350.77 | 32350.77 | 106.55 | 102.59 | 0 | 24725.22 | 24725.22 | -7625.56 |
| 7 | 204 (3/24) | छथर दुध सहकारी संस्थाको भवन मर्मत | 252.03 | 597.33 | 849.36 | 134.23 | 33829.99 | 80179.61 | 114009.59 | 106.55 | 102.59 | 26853.8 | 61280.08 | 88133.88 | -25875.71 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>8</td><td>185 (3/23)</td><td>मच्छिन्द्र मावि भवन मर्मत योजना</td><td>27.7</td><td>406.57</td><td>434.27</td><td>134.23</td><td>3718.17</td><td>54573.89</td><td>58292.06</td><td>106.55</td><td>102.59</td><td>2951.44</td><td>41710.02</td><td>44661.45</td><td>-13630.61</td></tr>
<tr><td colspan="9">जम्मा रकम रू</td><td>1051598.27</td><td colspan="4"></td><td>812200.41</td><td>-239397.86</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>वितरणमुखी खर्चः<br><br>पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रपोजलका आधारमा गाउँपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सिर्जना नहुने प्रकृतिका कार्यक्रम जुन वितरणमुखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरूत्साहित गर्न आवश्यक देखिन्छ । ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत देखिंदैन । नमुना छनौटको आधारमा परीक्षण गर्दा यस पालिकाले लक्षित समूहको बजेटबाट बिभिन्न वितरणमुखी योजना कार्यान्वयन गरी रू. ८,५०,०००।- खर्च गरेको र वितरण गरेका बिभिन्न सामग्रीहरू सम्बन्धित संस्थाले दाखिला गरेको प्रमाण समेत संलग्न गरेको नदेखिएकोले कानुनको परिपालना भएको देखिएन । पुंजीगत बजेटबाट वितरणमुखी कार्यमा खर्च गरेको मनासिव देखिंदैन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>ब.उ.शी.नं.</th><th>योजना/कार्यक्रम</th><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th><th></th></tr>
<tr><td>१९७।२०७९।३।२४</td><td>संघीय</td><td>सामुदायिक स्वास्थ्य ईकाई बतासे</td><td>फर्निचर खरिद</td><td>50,000</td><td></td><td></td></tr>
<tr><td>१५५।2079.3.15</td><td>संघीय</td><td>जनज्योति आ वि</td><td>फर्निचर वितरण</td><td>300,000</td><td></td><td></td></tr>
<tr><td>१५३।३।१५</td><td>संघीय</td><td>च्याङलुङ खा पा मिटर जडान तथा पाईप खरिद उपभोक्ता समिति</td><td>खानेपानी मिटर तथा पाईप वितरण</td><td>500,000</td><td>जडान गरी बुझेको भरपाई नरहेको</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>कूल जम्मा</td><td>850,000</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>
ननफाइलरः<br><br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १२,६३,१७७ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्महरु कर विवरण नबुझाई ननफाइलर रहेकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।
<table>
<tr><th>गो.भौ. नं/ मिति</th><th>ब.उ.शी.नं.</th><th>योजना/ कार्यक्रम</th><th>फर्मको नाम (मु.क.द.नं)</th><th>बिजक रकम</th><th>मू. अ. कर</th><th>कैफियत</th></tr>
</table>
</td><td>१,२६३,१७६.५५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २८।२०७९।३।२५ | संघीय सरकार पुँजीगत | खेलमैदान जाली भर्ने योजना | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 1652481 | 213977 | | |
| | | | १३।२०७९।३।२५ | प्रदेश सरकार पुँजीगत | चक्रपथ निर्माण योजना | धर्मदेवी कन्स्ट्रक्सन प्रालि (६०५९२८०९७) | 826979.52 | 107710.33 | | |
| | | | १२।२०७९।३।२५ | प्रदेश सरकार पुँजीगत | शुक्रबारे आडदिम सडक | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 1633356 | 211492 | | |
| | | | २११।२०७९।३।२५ | गाउँपालिका पुँजीगत | बरबोटे खेलमैदान मर्मत योजना | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | १६१२९२।६ | 20968 | | |
| | | | २०९।२०७९।३।२४ | संघीय सरकार पुँजीगत | लेक्सिरी नौसिंगे टुनिटार कृषि सडक | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 267910 | 34828 | | |
| | | | १८६।२०७९।३।२३ | संघीय सरकार पुँजीगत | अधेरी स्कुल डाँडा हुदै बालुवा डाँडा सडक | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 132508 | 17227 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७५।२०७९।३।२२ | संघीय सरकार पुँजीगत | पन्चकन्या सडक मर्मत तथा सम्भार | मिमशा कन्स्ट्रशन (६०९९८२०५७) | 248923 | 32360 | |
| १७१।२०७९।३।२१ | संघीय सरकार पुँजीगत | शिक्षक अभिलेख व्यवस्थापन प्रणाली | इस्टर्न हक सोलुसन प्रा.लि (६०६६९३६३७) | 441000 | 57330 | |
| १५२।२०७९।३।१४ | गाउँपालिका पुँजीगत | दिपनगर राईसमिल जंगले खेत सडक बिस्तार योजना | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 169106.46 | 21983.86 | |
| १४३।२०७९।३।१२ | संघीय सरकार पुँजीगत | एलेम्बर निशान स्कुल सडक विस्तार योजना | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 132831.1 | 17268 | |
| १४४।२०७९।३।१२ | संघीय सरकार | गैरीखेत भर्कन सडक स्तरोन्नति | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 477891.9 | 62125.9 | |
| १४८।२०७९।३।१३ | संघीय सरकार | च्याङलुङ हेलेबुङ सडक स्तरोन्नती | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 316945.16 | 40752.93 | |
| १४९।२०७९।३।१३ | संघीय सरकार | तेलिया खोला गुरुङ टोल सडक स्तरोन्नति योजना | मिमशा कन्स्ट्रशन (६०९९८२०५७) | 86395.67 | 11232.44 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९७।२०७९।१।२६ | गाउँपालिका पुँजीगत | कोलाबुङ लम्बुखोला सडक | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 551072.61 | 71639.43 | |
| १३९।२०७९।३।९ | गाउँपालिका पुँजीगत | पञ्चकन्या खेल मैदान निर्माण | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 246902 | 32097.2 | |
| १३५।२०७९।३।६ | गाउँपालिका पुँजीगत | सातताले धाम खेल मैदान निर्माण योजना | मिमशा कन्स्ट्रशन (६०९९८२०५७) | 303567.3 | 39463.78 | |
| १३३।२०७९।३।६ | संघीय सरकार | बामिखुम देउराली सडक निर्माण योजना | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 551585.56 | 71706.1 | |
| १२२।२०७९।३।४ | संघीय सरकार | मालबासे सडक मर्मत तथा विस्तार योजना | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 357268 | 46444 | |
| १२१।२०७९।३।४ | गाउँपालिका पुँजीगत | खिरखिरे पपङ्गदुङ्ग सडक निर्माण योजना | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 835261 | 108583.93 | |
| ११७।२०७९।२।३० | गाउँपालिका पुँजीगत | हाङसेम्लुङ सडक निर्माण योजना | भिमसेन निर्माण सेवा (६१७३२७५६१) | 338358.9 | 43986.65 | |
| | | | कूल जम्मा | 5457527 | 1263177 | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | | | **उपभोक्ताले सब कन्ट्राक्टमा कार्य गराएको:** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने व्यवस्था छ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्राक्टरबाट गराउन सक्ने छैन भन्ने व्यवस्था रहेको छ। कुनै कारणबस समितिले काम गर्न नसकेमा सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम यस नियम र नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ। यस पालिका अन्तरगत निम्नानुसारका योजनामा उपभोक्ता समितिले सम्झौता गरेको रकमको अधिकांश वा सतप्रतिशत कार्य निम्नानुसारका सब-कन्ट्राक्टरबाट गराएको देखियो। यस सम्बन्धमा कार्यालयले आवश्यक जाँच गरी कानुन बमोजिम गरेको देखिएन। उपभोक्ताले सम्झौता बमोजिमको निम्ना कार्य सब-कन्ट्राक्टरबाट गराएको नियमित देखिंदैन।
<table>
<tr><th>ब.उ.शी.नं.</th><th>योजना/ कार्यक्रम</th><th>फर्मको नाम (मू.क.द.नं)</th><th>ल.ई.</th><th>मूल्याङ्कन</th><th>हेभि मेशिनको भुक्तानी</th><th>हेभी मेशिनको प्रतिशत</th></tr>
<tr><td>गापा पूजीगत</td><td>बरबोटे खेलमैदान मर्मत योजना</td><td>भिमसेन निर्माण सेवा (६१७३२७५ ६१)</td><td>233,045.46</td><td>186,915.59</td><td>182,260.00</td><td>97.51</td></tr>
<tr><td>गापा पूजीगत</td><td>ओखरबोटे टर्निङ देखि बर्थिङ सेन्टर जाने सडक</td><td>भिमसेन निर्माण सेवा (६१७३२७५ ६१)</td><td>182,998.01</td><td>181,865.02</td><td>181,597.40</td><td>99.85</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>संघीय सरकार</td><td>पन्चकन्या सडक मर्मत संम्भार</td><td>मिमशा कन्स्ट्रक्शन (६०९९८२० ५७)</td><td>340,118.64</td><td>330,501.27</td><td>281,283.47</td><td>85.11</td></tr>
<tr><td>गापा पूजीगत</td><td>दिपनगर राईसमिल जंगले खेत सडक बिस्तार योजना</td><td>भिमसेन निर्माण सेवा (६१७३२७५ ६१)</td><td>230,570.68</td><td>228,464.52</td><td>191,090.20</td><td>83.64</td></tr>
<tr><td>संघीय सरकार</td><td>एलेम्बर निशान स्कुल सडक विस्तार योजना</td><td>भिमसेन निर्माण सेवा (६१७३२७५ ६१)</td><td>172,649.23</td><td>165,932.36</td><td>150,099.00</td><td>90.46</td></tr>
<tr><td>संघीय सरकार</td><td>गैरीखेत भर्कन</td><td>भिमसेन निर्माण सेवा</td><td>575,571.57</td><td>५६९१२७.२८</td><td>540,017.00</td><td>94.89</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सडक स्तरोन्नति</td><td>(६१७३२७५ ६१)</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>संघीय सरकार</td><td>च्याङलुङ हेलेबुङ सडक स्तरोन्नती</td><td>भिमसेन निर्माण सेवा (६१७३२७५ ६१)</td><td>361,776.62</td><td>३५६४३४.६३</td><td>355,698.00</td><td>99.79</td></tr>
<tr><td>गापा पूजीगत</td><td>कोलाबुङ लम्बुखोला सडक</td><td>भिमसेन निर्माण सेवा (६१७३२७५ ६१)</td><td>705,849.33</td><td>702,194.99</td><td>622,712.04</td><td>88.68</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शनिश्चरे नर्सरी व्यवस्थापन योजना</td><td>छथर कटुवाल कन्ष्ट्रक्सन प्रालि (६०६५५६७ ८९)</td><td>230,453.30</td><td>229,622.28</td><td>229,630.43</td><td>100.00</td></tr>
<tr><td></td><td></td><td></td><td>3,033,032.84</td><td>931,817.27</td><td>2,734,387.54</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>संघसंस्थालाई अनुदानः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
स्थानीय निकायले सञ्चालन गर्ने विकासका क्रियाकलापले अधिकतम उपभोक्ताको हित गर्नुपर्ने हुन्छ। कार्यालयले निम्नानुसारका लिमिटेड दायित्व भएका सहकारी संस्था तथा अन्य संघ संस्थालाई पुँजीगत प्रकृतीको संरचना निर्माण तथा सामग्री हस्तान्तरण गरेको छ। व्यक्तिगत पहुँचको आधारमा योजना छनौट गर्नु र कार्यान्वयन गर्नु यसको कारण हो। यस्ता प्रकृतीका संस्थाहरु लिमिटेड दायित्व भएका र सिमित सदस्यको हितका लागि मात्र भएकोले यसबाट आम जनता वा उपभोक्ताले लाभ लिन नसक्ने हुन्छ। साथै यस्ता प्रकृतीका संस्थाहरु विघटन भएको खण्डमा वा निर्दिष्ट प्रयोजनमा प्रयोग नगरी उपलब्ध सम्पत्ती बेचबिखन गरी प्राप्त सम्पत्ति संचालकको स्वामित्वमा जाने भएकाले यस्ता कार्यक्रमबाट सिमित व्यक्तिले मात्र लाभ उठाउन सक्ने हुँदा यस्तो प्रकृतीको खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी सशर्त गर्नुपर्दछ। कार्यालयद्वारा निर्माण गरिएका भवनहरु कार्यालयको जिम्मा रहने गरी आवश्यक सम्झौता गरी फिर्ता लिने व्यवस्था मिलाउनु पर्दछ ।
<table>
<tr><th>गो.भौ. नं/ मिति</th><th>ब.उ.शी.नं.</th><th>योजना/ कार्यक्रम</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>२२०।२०७९।३।२५</td><td>संघीय हस्तान्तरण</td><td>तारबेरा योजना</td><td>सिंहदेबि सहकारी संस्था</td><td>100,000</td></tr>
<tr><td>२०४।२०७९।३।२४</td><td>आ पूजीगत</td><td>भवन मर्मत सम्भार</td><td>छथर दुग्ध सहकारी संस्था</td><td>700,000</td></tr>
<tr><td>१६२।२०७९।३।१६</td><td>संघीय हस्तान्तरण</td><td>भवन मर्मत योजना</td><td>पाथिभरा कृषि सहकारी संस्था लि</td><td>250,000</td></tr>
<tr><td>१५८।२०७९।३।१६</td><td>संघीय हस्तान्तरण</td><td>क्रिम सेप्रेटरर खरिद योजना</td><td>जलकन्या पशुपालन कृषक सहकारी संस्था लि</td><td>200,000</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१४५।२०७९।३।१२</td><td>संघीय हस्तान्तरण</td><td>भवन मर्मत सम्भार</td><td>मनकामना बहुउद्देश्य सहकारी संस्था</td><td>100,000</td></tr>
<tr><td></td><td></td><td></td><td>कूल जगगा</td><td>1,350,000</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७</td><td>२५</td><td>२०७९-३-२३</td><td>सार्वजनिक परीक्षणः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसारर उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सञ्चालन भएका योजनाको खर्च सार्वजनिक नगर्ने, गरेकोमा खर्चको यथार्थ तेरिज संलग्न नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । लेखापरीक्षणको क्रममा निम्नानुसार योजनाको रितपूर्वकको खर्च सार्वजनिक गरेको छैन । नियमको पालना हुनुपर्दछ ।<br><br><table>
<tr><th>गो.भौ. नं/ मिति</th><th>ब.उ.शी.नं.</th><th>योजना/ कार्यक्रम</th><th>लागत अनुमान</th><th>कार्य सम्पन्न</th><th>भुक्तानी</th></tr>
<tr><td>२५-२०७९।३।२३</td><td>आ. पूजीगत</td><td>कांगुती कुलो सिचाई योजना</td><td>८०,०५,४७८।१५</td><td>४०,९२,३०६।४६</td><td>४०,९२,३९६।४६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td>224</td><td>२०७९-२-२०</td><td>सी.सी.टि.भि. जडानः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गृह मन्त्रालयको च.नं. २२१८ मिति २०७९।१।६ को पत्रानुसार २०७९ बैशाख ३० गते भएको स्थानीय तह निर्वाचनको मतदानस्थल दृश्य अवलोकन प्रणाली (Vote counting video Management system-VCMS) जडान गरी निर्वाचन आयोगसँग connectivity कायम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहमा पत्राचार भएको र सो बमोजिम उक्त VCVMS प्रणाली जडान गर्न निर्वाचन आयोगले अनुरोध गरी च.नं. ६२९, २०७८।७९ मिति २०७९।१।६ बाट अनुरोध भई आएको जनाई VCMS प्रणालीको Connectivity निर्वाचन आयोगसँग गराउन तोकिएको स्पेशिफिकेशन बमोजिमको सिस्टम खरिद गर्न पत्राचार गरेको पाईयो । पालिकामा पहिलनै जडान गरिएको सिस्टमले उक्त स्पेशिफिकेशन बमोजिमको कार्य गर्न सक्ने वा नसक्ने विषयमा कुनै विश्लेषण नगरी यस पालिकाले सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च भोट काउन्टिङ भिडियो म्यानेजमेन्ट सिस्टम (भिसिभिएमसी) खरिद गरी रू. ४,८८,१६०।— मोबाईल हव (६००१५५३००) लाई भुक्तानी गरेको छ । चुनावको मत गणना गर्ने प्रयोजन पश्चात हाल उक्त सिसिटिभी जडान नै नगरी थन्किएको अवस्थामा रहेको छ । चुनाव प्रयोजनका लागि मात्र यस पालिकाबाट पुनः यस्तो सिष्टम खरिद गरी जडान गर्नाले मितव्ययिता कायम भएको देखिएन । चुनाव प्रणालीलाई थप मितव्ययी बनाउन भएका संरचना तथा उपकरणको प्रयोगलाई समेत सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । यस्ता सफ्टवयेर केन्द्रीय निकायले एकमुष्ट रूपमा प्रतिस्पर्धाबाट खरिद गर्दा कम लागतमा खरिद हुन सक्नेमा छुट्टाछुट्टै पालिकामा सफ्टवेयर खरिद गर्न निर्देशन दिई खरिद गर्दा बढी व्ययभार परेको देखियो । चुनाव प्रणालीलाई थप मितव्ययी बनाउन भएका संरचना तथा उपकरणको प्रयोगलाई समेत सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । यसरी प्रयोग बिहिन अवस्थामा रहेकोले थप व्ययभार परेको मनासिब देखिदैन । | |
| ४९ | २७ | २०७९-३-२४ | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः**<br>यस पालिकामा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत विद्यालय भवन निर्माण तर्फ रू. ५४ लाख प्राप्त भएकोमा पालिकाले उक्त रकम विद्यालयलाई अनुदान दिई आर्थिक वर्षको अन्त्यमा निर्माण कार्य सम्पन्न हुन नसकी २ विद्यालयलाई रू. ५४,००,०००।— निकासा दिएको खाता रोक्का राखेको पाईयो । नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. २२५ मिति २०७९।३।१७ मा पत्राचार गरी आर्थिक वर्षको अन्त्यमा | ५,४००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बजेट फ्रिज नगरी विद्यालयको खातामा ट्रान्सफर गर्न निर्देशन दिएको देखियो । उक्त पत्रमा विद्यालय निर्माणको प्रयोजनको लागि आगामी आर्थिक बर्षमा बजेट व्यवस्था नभएको, लेखापरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण लगायतका कार्यहरूको लागि सम्बन्धित विद्यालयहरूलाई नै जिम्मेवार र जवाफदेही बनाउने गरी स्वीकृत कार्यक्रमको लागि विनियोजित भएको बजेट सम्बन्धित विद्यालयलाई यथासिघ्र निकासा दिई निर्माण कार्य सम्पन्न नभई बाँकी रहेको रकम रोक्का राखी कार्य प्रगतिका आधारमा रकम फुकुवा गर्ने गरी सम्पन्न हुन बाँकी काम यथाशिघ्र सम्पन्न गर्ने गराउने आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएको पाईयो । मन्त्रालयले बजेट निकासा दिन ढिलाई गरेको र २०७९।१।६ मा मात्र निकासा प्रास भएको कारण निर्माण ढिलाई भई पालिकाले नापी किताब र मूल्याङ्कन पेश नभएको अवस्थामा समेत सम्पूर्ण रकम विद्यालयको खातामा निकासा दिई खाता रोक्का राखेको देखियो। यसबाट निर्माण कार्य नगरी रकम भुक्तानी रहेको देखियो । समयमा नै निर्माण सम्पन्न हुने गरी बजेट निकासा गर्ने र समयमा नै खरिद व्यवस्थापन गरी तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गरी कार्यक्रमको प्रभावकारिता हासिल गर्नुपर्ने देखिन्छ ।अतः पेश्की समेते नजनाई बिल भरपाई बेगर निकासा दिएको रू. ५४,००,०००।— विद्यालय निर्माणको कार्यसम्पादन प्रतिवेदन तथा विल भरपाई पेश हुनुपर्दछ । | |

| क्र. सं. | विद्यालयको नाम | वडा नं | रनिङ विल पेश भई निकासा भएको रकम | प्राविधिक मूल्याङ्कन वेगर रकम निकासा | कुल निकासा रकम |
|---|---|---|---|---|---|
| १ | श्री जनता मा.वि | १ | ०० | ३६,००,००० | ३६,००,००० |
| २ | श्री शनिश्चेर आ.वि | ३ | ०० | १८,००,००० | १८,००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td>००</td><td>५४,००,०००</td><td>५४,००,०००</td></tr></table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>जडानको प्रमाणः<br><br>✂ ..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९ । १२ । २१ को निर्णयबाट रु. १२९८०००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
